# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति
(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ४ गते

## नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर

देशका विभिन्न भागहरुमा राष्ट्रिय जनता पार्टीले दोस्रो चरणको स्थानीय निर्वाचनको विरोधमा आयोजना गरेको प्रदर्शन तथा जुलुशका क्रममा सुरक्षाकर्मीहरुद्वारा भएको बल प्रयोग र गिरफ्तारीप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

स्वेच्छाचारी गिरफ्तारी नगर्न तथा शान्तिपूर्ण प्रदर्शनमा रहेका व्यक्तिहरुलाई दुर्व्यवहार नगर्न राष्ट्रिय मानव अधिकार आयोग सरकारको ध्यानाकर्षण गराउँदछ । सुरक्षाकर्मीहरुले हिजो शनिबार नवलपरासीको परासी बजारको बुद्धचोकमा राजपा नेपालद्वारा आयोजित कार्यक्रममा लाठीचार्ज, अश्रुँग्यास प्रहार तथा गोली प्रहार गर्दा ४ जना घाइते भएको तथ्य समेतबाट हामी गम्भीर भएका छौं ।

त्यस्तै नेपालगञ्ज, जनकपुर, सुनसरी, विराटनगरमा समेत पक्राउका सुचना हामीले प्राप्त गरेका छौं । सुरक्षाकर्मीहरुलाई अधिकतम संयमता अपनाउन आग्रह गर्दछौं । साथै, आन्दोलनकारी दल राजपालाई समेत अन्य नागरिकको निर्वाचनमा भाग लिन पाउने अधिकारलाई समेत अवरोध नगर्न, राजनीतिक दलका प्रचार सामग्री जलाउने जस्ता कार्यसमेत नगर्न, निर्वाचनको कार्यक्रम नविथोल्न र आफ्ना आन्दोलनका कार्यक्रमलाई शान्तिपूर्ण र अहिंसात्मक बनाउन आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

नेपालको संविधान तथा मानव अधिकार एवम् कानूनको परीधीमा रहन सम्बद्ध सबै पक्षलाई आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org